संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-८
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:०१ बजे*
*बैठक स्थगित : ५:१६ बजे*

२०७९ फागुन २ गते, मङ्गलबार

---

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको आठौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:०१ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय गोमा देवी तिमल्सिना**ले देशमा अहिले सबै क्षेत्रमा अराजकता बढिरहेकोले राज्यले समयमै सोको नियन्त्रण गरोस् भनी सरकारलाई ध्यानकर्षण गराउनुभयो ।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले बर्दघाटदेखि बुटवलबिचको सडक खण्ड लामो समयदेखि निर्माण कार्य धिमा गतिले चलिरहेका कारण हजारौं यात्रुहरूलाई अत्यन्त कष्ट भइरहेको सन्दर्भमा सडक निर्माण कार्यलाई यथाशीघ्र अगाडि बढाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय नारायण दत्त मिश्र**ले शहिद दशरथ चन्दको नाममा गेटा मेडिकल युनिभर्सिटीको स्थापना हुने खबरले आम नेपाली त्यसमा पनि अझ सुदूरपश्चिमका मानिसहरू ज्यादै खुसी भएको बताउन हुदैं समयमै मेडिकल कलेज नबन्न हो कि भन्ने शङ्का र चिन्ता समेत रहेको कुरा समेत बतानुभयो ।लघुवित्त क्षेत्रमा व्यापक समस्यहरु रहेका समाचारहरु आइरहेको सन्दर्भमा उहाँले लघुवित्त र मिटर ब्याजी उस्तै उस्तै त भएन भन्ने आशंका व्यक्त गर्नुभयो।

**माननीय नारायण प्रसाद दाहाल**ले लघुवित्त बैङ्क, अन्य बैङ्कहरूको ब्याजलाई देखाएर राज्य व्यवस्थामाथि नै धावा बोल्ने, राज्य व्यवस्थाका विरुद्ध अराजक खालका गतिविधिहरू सञ्चालन गर्ने र जनताका उपलब्धीहरूलाई निस्तेज पार्ने जस्ता गतिविधि बढेको भनी उक्त विषयमा अर्थ मन्त्रीको ध्यानाकर्षण गराउनुभयो। साथै नयाँ बसपार्क र गोङ्गबु, बालाजु क्षेत्रमा भएका एम्बुलेन्स, प्रहरीका भ्यानमाथि भएको तोडफोड, आगजनी, अराजक गतिविधिहरु नियन्त्रण गरी यातायात मजदुरहरूको माग बारे यथाशीघ्र छानबिन गरी समस्या हल गर्न सरकारको ध्यानकर्षण गराउनुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले विदेशी तरकारी, फलफूलको आयात र नेपालका तरकारी, फलफूलको बेहाल चितवनमा भएको घटनाले उजागर गरेको र किसानहरूको उत्पादनलाई निरुत्साहित गर्ने काम तत्काल रोक्न कृषि तथा पशुपन्छी विकास मन्त्रीको ध्यानकार्षण गराउनुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले अहिले बढ्दो अराजकताले लोकतन्त्र, गणतन्त्रमाथि धावा बोलेको र राष्ट्रियताको निम्ति एकजुट भएर अगाडि बढ्नुपर्ने कुरा बताउनुभयो ।उहाँले पाल्पा जिल्लाको जाल्पा क्षेत्रमा पूर्व खोलादेखि निस्ती हुँदै झेलबासम्म जाने मोटर बाटो अगामी बजेटमा समावेश गर्न अर्थ मन्त्रीको ध्यानकार्षण गराउनुभयो साथै लुम्बिनी मेडिकल कलेजले प्रवास स्वास्थ्य बिमाको सेवा, सुविधा बन्द गरेको कारणले जनतालाई समस्या परेको जनकारी गराउनुभयो ।

**माननीय सोनाम गेल्जेन शेर्पा**ले सगरमाथा क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज र हेली अपरेटरको विषयमा विवाद भइरहेको छ । उक्त विवादलाई समाधान नेपाल सरकारको ध्यानकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"शुन्य समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई** आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा वक्तव्य दिन अनुमति दिनुभएपछि माननीय मन्त्रीले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम "आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन" माथि प्रश्न सोधनका लागि समय उपलब्ध गराउनुभएपछि देहायका माननीय सदस्यहरूले प्रश्न सोधनु भयो :

| | | | |
|---|---|---|---|
| १. | मा. प्रकाश पन्थ | ८. | मा. कमला पन्त |
| २. | मा. खिमलाल देवकोटा | ९. | मा. दिल कुमारी रावल थापा (पार्वती) |
| ३. | मा. अनिता देवकोटा | १०. | मा. इन्दु कडरिया |
| ४. | मा. जितेन्द्र नारायण देव | ११. | मा. गंगा कुमारी बेलबासे |
| ५. | मा. तुलसा कुमारी दाहाल | १२. | मा. जयन्ती देवी राई |
| ६. | मा. भगवती न्यौपाने | १३. | मा. विमला घिमिरे |
| ७. | मा. युवराज शर्मा | १४. | मा. भैरव सुन्दर श्रेष्ठ |

त्यसलगतै सम्माननीय अध्यक्षले उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकश पन्थलाई **"दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७८/०७९"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ध्रुव बहादुर प्रधानलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०६/२८ गतेको निर्णयबाट जारी भएको **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश** पेस गर्न समय उपलब्ध गराउनुभयो ।

त्यसपछि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ध्रुव बहादुर प्रधानले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग, २०७१ को दफा ३८ बमोजिम

गठन भएका बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यविधि **संवत् २०७९ साल असोज मसान्तसम्म रहेकोमा** ती आयोगबाट सम्पादन हुनुपर्ने शान्ति प्रक्रियाका काम बाँकी रहेकोले सोही ऐनको दफा ४२ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०६/२८ गतेको निर्णयबाट **संवत् २०८० साल असार मसान्तसम्म कार्यावधि थप गर्ने** गरी जारी भएकोले आदेश सोही दफाको उपदफा (२) बमोजिम सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः प्रतिनिधि सभाका पूर्वसदस्य कर्मा घलेको मिति २०७९ साल माघ २४ गते ५९ वर्षको उमेरमा महाराजगञ्जस्थित त्रि.वि.वि. शिक्षण अस्पतालमा क्यान्सर रोगको उपचारको क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय घले २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय कर्मा घलेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

तदुपरान्त सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावहरूलाई पारित गरिदिनहुन अनुरोध गर्नुहुँदा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित भयो ।

त्यस लगत्तै सभाले स्व. कर्मा घलेको आत्माको चीर शान्तिका लागि उठेर एक मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नु भयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव